


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक
दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



नोभल कोरोना भाइरस (COVID-19) रोगको सङ्क्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नुहुन सम्पूर्ण नेपाली नागरिकलाई सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



❖ वर्ष ३४ ❖ २०७८ वैशाख १६ गते बिहीवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2021 April 29 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २४०


## वीरगंजमा पाँचजना सङ्क्रमितको मृत्यु

प्रस, वीरगंज, १५ वैशाख/

नारायणी अस्पतालमा बुधवार दिउँसोसम्म पाँचजना सङ्क्रमितको मृत्यु भएको छ । अस्पतालका प्रवक्ता डा सरोजरोशन दासले सर्लाही, बारा, रौतहट र पर्साका गरी पाँचजना सङ्क्रमितको बुधवार दिउँसोसम्म मृत्यु भएको बताए।

उनले सङ्क्रमितमध्ये बारा, सुवर्ण नगरपालिका-७ निवासी ३० वर्षीया महिलाको बिहान सवा १२ बजे निधन भएको बताए । उनले दुई दिनअगाडि नारायणी अस्पतालमा उनी भर्ना भएको र पिसिआर रिपोर्ट सङ्क्रमित थियो ।

यसैगरी, सर्लाही, धनगढा-४ निवासी ४३ वर्षीय पुरुषको बिहान पौने २ बजे निधन भएको थियो । उनी एक दिनअगाडि नारायणी अस्पतालमा भर्ना भएका र एन्टिजेन विधिबाट परीक्षण गर्दा सङ्क्रमित पुष्टि भएका थिए ।

यसैगरी, वीरगंज महानगर-२७ निवासी ६० वर्षीया महिलाको बिहान १० बजे निधन भएको थियो। उनलाई आजै अस्पतालमा भर्ना गरिएको र एन्टिजेनबाट सङ्क्रमित पुष्टि भएको केही



नारायणी अस्पतालमा उपचार गराउँदै सङ्क्रमितहरू । तस्वीरः फाइल

घण्टामैं निधन भएको प्रवक्ता डा दासले बताए । यसैगरी, वीरगंज महानगर-७ रामटोल निवासी ४५ वर्षीय पुरुषको दिउँसो २:३० बजे मृत्यु भएको प्रवक्ता डा दासले बताए । उनको एन्टिजेनबाट कोरोना सङ्क्रमण पुष्टि भएको बताए । उनी गएको वैशाख १२ गतेदेखि अस्पतालमा भर्ना थिए ।

यसैगरी, रौतहट, राजवारा निवासी ५० वर्षीया महिलाको पनि आज नारायणी अस्पतालमा निधन भएको छ। नारायणी अस्पतालमा भर्ना गरिएको दुई घण्टापछि उनको निधन भएको डा दासले बताए । एन्टिजेनबाट सङ्क्रमित देखिएकी महिलाको अवस्था अस्पतालमा ल्याउनुअघि गम्भीर भएको र उपचारको क्रममा दुई घण्टापछि निधन भएको प्रवक्ता डा दासले बताए ।

अहिले नारायणी अस्पतालमा ४२ जना सक्रिय सङ्क्रमित भर्ना छन् । त्यसमध्ये एकजना भेन्टिलेटरमा छन् । नारायणी अस्पताल अहिले ९० शय्या रहेको प्रवक्ता डा दासले बताए । आज चारजना निको भएर घर फर्केको र योसँगै चैतदेखि हालसम्म ५० जना सङ्क्रमित निको भएको प्रवक्ता डा दासले बताए ।

### १२४ जना सङ्क्रमित

मङ्गलवार राति नारायणी अस्पतालको पिसिआर प्रयोगशालाले १२४ जना सङ्क्रमित पुष्टि गरेको छ। २१० जनाको स्वाब परीक्षण गरिएकामा १२४ जनामा सङ्क्रमण पुष्टि भएको अस्पतालका प्रवक्ता डा सरोजरोशन दासले बताए ।

सङ्क्रमित हुनेमा पर्साका ९६, बाराका २५, चितवन, महोत्तरी, सर्लाहीका १/१ जना छन्। सङ्क्रमित हुनेमा ३४ जना महिला, ९० जना पुरुष र उनीहरूको उमेर १६ देखि ७० वर्षको छ। यसैगरी, उनीहरूमा १६ देखि ३४ प्रतिशत सिटी भ्यालू रहेको प्रवक्ता डा दासले बताए ।

## बजारमा किनमेल गर्नेहरूको भीड

प्रस, वीरगंज, १५ वैशाख/

जिल्ला प्रशासन कार्यालय, पर्साले बिहीवार बिहान ४ बजेदेखि निषेधाज्ञा जारी गरेको कारण वीरगंज महानगरलगायत पर्सा जिल्लाका ग्रामीण क्षेत्रका बजारहरूमा बुधवार किनमेल गर्नेहरूको सङ्ख्या ह्वात्तै बढेको थियो ।



पोखरियामा खाद्यान्न किन्न सर्वसाधारणको भीड । तस्वीरः धर्मेन्द्र चौरसिया

प्रशासनले एक साता लामो निषेधाज्ञा जारी गरेको कारण बजारमा आवश्यक सामानहरू खरीद गर्नका लागि मानिसहरूको बिहानदेखि पसलहरूमा भीड लागेको थियो। खासगरी खाद्यान्न, आलु, प्याज किनमेलमा मानिसहरूको भीड थियो । वीरगंजमा सिजनबाहेक अन्य समयमा आलु, प्याज भारतबाट भित्रिन्छ। रु १२० पसेरी (५ किलो) आलु निषेधाज्ञाको कारण रु १६० मा बिक्री भयो । प्याजको मूल्य पनि रु २२० पसेरीबाट रु २५० गरिएको छ।

खाद्यान्नका सामानहरू पनि मनपरी ढङ्गले बढाइएको छ। एक साताको लागि निषेधाज्ञा जारी गरेपछि वीरगंज बजारमा आज अचाक्ली भीड रह्यो ।

मुस्लिम समुदायको इद पर्वको कारण पनि किनमेल गर्नेहरूको भीडसँगै निषेधाज्ञामा सामानको जोहो गर्नेहरूको भीड पनि उत्तिकै रह्यो । मुस्लिम समुदायले इद पर्वसम्म निषेधाज्ञा लम्बिने सम्भावनालाई देखेर हिजैदेखि किनमेलमा व्यस्त थिए ।

## अनियमितता भएको भन्दै धोबिनी गापामा तालाबन्दी

प्रस, वीरगंज, १५ वैशाख/

धोबिनी गाउँपालिकाका अध्यक्ष र कार्यालयमा तालाबन्दी गरेका हुन् ।

गापा अध्यक्ष सुरेशप्रसाद कुर्मी भावनामाथि कुठाराघात गरेको आरोप लगाए। वडा नं १ घोडदौडको ओरिया



स्थानीयवासीले प्रदर्शन गर्दै गापाको कार्यालयमा तालाबन्दी गरेको दृश्य । तस्वीरः प्रतीक

कर्मचारीले अनियमितता गरेको भन्दै स्थानीयवासीले गापाको कार्यालयमा तालाबन्दी गरेका छन् ।

गापाका प्रतिनिधि र कर्मचारीहरूले विगत तीन वर्षको विकास काममा अनियमितता गरेको, ज्येष्ठ नागरिकहरूलाई भत्ता उपलब्ध नगराएको, दलित सामुदायिक भवनबाट सशस्त्र प्रहरी हटाउन माग गर्दै स्थानीय बासिन्दाहरूले बुधवार नाराबाजी गर्दै अनुपस्थित रहेकाले स्थानीयहरू नाराबाजी गर्दै उनको घरमा पुगेको वडाध्यक्ष नन्दलालप्रसाद कुर्मीले बताए ।

धोबिनी गापा-२ आसवारी र भिखमपुरबाट आएका बासिन्दाहरूले गापामा भएको भ्रष्टाचार छानबिन हुनुपर्ने माग राखेका थिए ।

वडाध्यक्ष कुर्मीका अनुसार अध्यक्ष कुर्मीले दलित सामुदायिक भवनमा सशस्त्र प्रहरीको चेक प्वाइन्ट राखेर दलितहरूको नदीमा झोलुङ्गे पुल निर्माणमा अनियमितता भएको, पुल निर्माण कार्य सम्पन्न नभएको, ज्येष्ठ नागरिक भत्ता वितरणमा ढिला भएको, आफूखुशी कर्मचारी भर्ना गरेको कारण स्वस्फूर्त विरोध भएको आसवारीका वीरेन्द्र कुर्मीले बताए ।

यस विषयमा प्रमुख कार्यकारी अधिकृत अशोक रौनियारले कार्यलयमा तालाबन्दी भएको स्वीकारे ।

## निश्शुल्क एम्बुलेन्स र शववाहन सेवाको उद्घाटन




तस्वीरः प्रतीक

प्रस, वीरगंज, १५ वैशाख/

वीरगंजमा कोरोना सङ्क्रमितको लागि निश्शुल्क एम्बुलेन्स तथा शववाहनको व्यवस्था गरिएको छ ।

बुधवार सांसद प्रदीप यादव र नगरप्रमुख विजयकुमार सरावगीले निश्शुल्क एम्बुलेन्स र शववाहन सेवाको उद्घाटन गरेका थिए ।

सांसद यादवको संसदीय विकास कोषबाट रु ४६ लाखमा महानगरपालिकाले खरीद गरेको एम्बुलेन्स र शववाहनले सङ्क्रमितहरूलाई निश्शुल्क सेवा दिने प्रमुख प्रशासकीय अधिकृत प्रदीप निरौलाले बताए ।

कोरोना सङ्क्रमणको पहिलो लहरका बेला एम्बुलेन्स र शववाहनको अभाव भएपछि सोलाई मध्जनजर गरी एम्बुलेन्स र शववाहन खरीद गरिएको सांसद यादवले बताए ।

नगरप्रमुख सरावगीले बुधवारदेखि एम्बुलेन्स र शववाहन सेवा कोरोना

(बाँकी अन्तिम पातामा)

## परिवारजनमा वैवाहिक कार्यक्रम प्रभावित हुने चिन्ता

प्रस, सेढवा, १५ वैशाख/

पर्सा जिल्लामा वैशाख १६ गतेदेखि निषेधाज्ञा जारी भएपछि वैवाहिक कार्यक्रमको मिति तय भएका परिवारजनहरू चिन्तामा परेका छन्।

यो महीनामा विवाहको लगन चर्को छ। वैशाख १५ गतेसम्म सम्पन्न भएका वैवाहिक कार्यक्रम पनि पहिलेजस्तो धूमधाम र भीडभाडका साथ भएनन्। यसपछिका दिनमा विवाहको मिति तय गरेकाहरू सबै कुराको तयारी भइसकेको अवस्थामा निषेधाज्ञा जारी हुँदा समस्या भएको बताउँछन्। वैवाहिक कार्यक्रमका लागि शुरुदेखि नै ब्यान्डबाजा, टेन्ट, कूक, रथ, गाडी-घोडा र मनोरञ्जनका कार्यक्रमहरूका लागि पेश्की दिइसकिएको छ ।

पटेर्वासुगौली गापा-३ निवासी भगवान चौधरीले वैवाहिक कार्यक्रमका लागि पेश्की दिएको र निषेधाज्ञा जारी



भारतीय बजार रक्सौलमा खाद्यान्न सस्तो हुने भएकोले विवाहका सामग्री किनमेलका लागि धेरैजसो नेपाली त्यहाँ पुग्छन् । तस्वीरः राजेश केशरीवाल

भएपछि वैवाहिक कार्यक्रम प्रभावित हुने कुराले समस्या आइपरेको बताए। उनले वैवाहिक कार्यक्रमका लागि इष्टमित्र, आफन्तलाई निमन्त्रणासमेत पठाएको र वैवाहिक कार्यक्रमका लागि लाखौं रुपैयाँ खर्च भइसकेको अवस्थामा निषेधाज्ञा लाग्दा चिन्ताले सताएको बताए । तराईका जिल्लामा वैवाहिक कार्यक्रम सम्पन्न गर्दा केटीपक्षबाट केटापक्षले ठूलो रकम दाइजो लिने गर्दछ। दाइजो लिएर अहिले सोअनुरूपको वैवाहिक कार्यक्रम नहुँदा समस्या आइपर्ने तथा विवाह रोक्दा पनि थप आर्थिक समस्या बेहोर्नुपर्ने परिवारजनको गुनासो छ ।

वैवाहिक कार्यक्रमको लागि कतिजनाले ऋण पनि लिएका छन् । निषेधाज्ञाले वैवाहिक कार्यक्रम प्रभावित हुने हो भने थप आर्थिक भारमा पर्ने उनीहरूको भनाइ छ। गत वर्षमा पनि कोरोना सङ्क्रमणको कारण लकडाउन भएर वैवाहिक कार्यक्रम प्रभावित भएका थिए । सो बखत प्रभावित वैवाहिक कार्यक्रमहरू

(बाँकी अन्तिम पातामा)

## भावपूर्ण श्रद्धाञ्जलि

जन्मः
वि.सं. १९८८



**स्व. प्रद्युम्नप्रसाद (पिपी) सिंह**

स्वर्गारोहणः
२०७८/१/१३

हाम्रा पूजनीय पिता एवं होटल कुमु प्यालेसका संस्थापक पूजनीय **प्रधुम्नप्रसाद (पिपी) सिंह**को ९० वर्षको उमेरमा स्वर्गारोहण भएकोमा हामी स्तब्ध छौं । दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं साथै हामीप्रति सहानुभूति प्रकट गर्नुहुने सम्पूर्ण नाता, कुटुम्ब, इष्टमित्रप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

छोरा/बुहारी
**गिरिशकुमार सिंह / नीलम सिंह**
छोरीहरूः **नूतन सिंह, अनीता सिंह, सीमा सिंह**
नाति/नातिनाः **हर्षओम सिंह, मेधातुष्टि सिंह, सुकीर्ति सिंह**

दान दिनुको अपेक्षा दिने तरीकाले दाताको चरित्रको खुलासा हुन्छ ।

-विचारसार एवं सूक्तिहरू

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# निषेधाज्ञा नै लागू

कोरोनाको बेला हो, सामान्य रुघाखोकी लाग्दा पनि चिकित्सकहरू हाइ–पावरको एन्टिबायोटिक औषधि चलाउन थालेका छन् । अझ सामान्य अवस्थामा मौसमी ज्वरोमा घाममा ननिस्कनु, आराम गर्नुजस्ता सावधानी अँगाल्न मात्र भन्ने चिकित्सकहरू पनि त्यही प्रकृतिको ज्वरोमा एन्टिबायोटिकको कडा डोजको सिफारिश गर्छन् । त्यसैगरी, प्रशासनले पनि कोरोनाको फैलँदो प्रवाहलाई निस्तेज गर्ने हाइपावरको लकडाउन 'निषेधाज्ञा' जारी गरेको छ, हप्ता दिनसम्म घरमैं थुनिनेगरी नागरिकमाथि बन्देज लगाइदिएको छ । निश्चय नै एक हप्ताको निषेधाज्ञाले कोरोना भाइरसको नेट चुँडाल्न कुनै मदत पुग्नेछैन, किनभने कोरोना त अहिले घरघरसम्मै पुगिसकेको छ । प्रशासनले पोहोरजस्तै यसको अवधि बढाउँदै लग्नुबाहेक अरू उपाय छैन । त्यसैले एक्कासि निषेधाज्ञा नै लागू गर्दा हिजो लामो समयपछि देखा परेको समस्या यसपालि हप्ता दिनमैं देखिने सम्भावना छरपस्ट छ । किनकि देशका अधिकांश नागरिकको दिनभरि काम गरेपछि मात्र बेलुका मुखमा माड लाग्छ । तिनले हप्ता दिनको निषेधाज्ञा कसरी भुक्तमान गर्लान् ? जोसँग हप्ता दिनको राशनपानी छ, तिनले पनि त दैनिक केही न केही खरीददारी गर्नैपर्छ, वा जतिसुकै धन भएको व्यक्ति किन नहोस् पूर्णतः निषेधाज्ञाको अवस्थालाई कसरी झेल्न सक्छ ? यसबारे भने प्रशासन मौन छ ।

महामारी फैलिएको बेला लकडाउन वा निषेधाज्ञाको दुईवटा अभीष्ट हुन्छ । पहिलो महामारी फैलिने शृङ्खला तोड्नु र सेक्टर छुट्याएर रोग–परीक्षण तथा खोप दिने कार्य धमाधम सक्नु । हामीकहाँ यत्रो जनसङ्ख्याका लागि परीक्षण त सम्भव छैन भने खोप कहाँबाट पाउनु ? खोप पनि अरूले दया गरेर दिए त हो, आफ्नो हुतिले खरीद गर्ने अवस्था नै छैन । झन् यस्तै बेला सत्ताका लागि हानाथाप चलिरहेको छ । सरकारका लागि अहिलेको प्रमुख समस्या कोरोना महामारी होइन, आफ्नो कुर्सी जोगाउनु हो । प्रतिपक्षले यस्तो बेला केही बोलिदेला भन्ने अवस्था पनि छैन । नेपालमा प्रतिपक्षले कहिले पनि जनताको पक्षमा बोलेको देखिएको छैन । फेरि सत्ताको हानाथापको एउटा सक्रिय पात्र त प्रतिपक्ष पनि हो । उसलाई कुर्सीमा बसेको व्यक्तिलाई अपदस्थ गरेर आफू कुर्सीमा बस्नु छ । सरकारभन्दा चटारो प्रतिपक्षलाई छ । यसर्थ यस अवस्थामा निषेधाज्ञाको अभीष्ट पूरा हुने सम्भावना नै छैन । अनि प्रशासनले निषेधाज्ञाको अवधि मात्र बढाइरहन्छ । नागरिकले केही दिन सन्तोष गर्छ, अनि आत्महत्या गर्न थाल्छ । यस अवस्थामा आक्रोश पनि व्यक्त गर्न सकिन्न, किनकि कोरोनाको भय सर्वव्यापी छ । आक्रोश व्यक्त गरे, विरोधका कडा कार्यक्रम ल्याए, कानमा बुजो ठुसेको सरकारको कान ठडिएला, आत्महत्याबाट उसलाई केही फरक पर्दैन । सरकारको निष्क्रियताले नागरिकले आत्महत्या गर्नु नैतिकवान् सरकारका लागि चिन्ता र चासोको विषय हुन्छ । नेपालमा त नैतिकता र जनउत्तरदायित्व भनेको कुरा सरकारमा छिर्नेबित्तिकै अवैध बनिसकेको हुन्छ । हरेक यस्ता परिघटनामा देखिएको यही हो । यसर्थ प्रशासनले गरिखानेहरूलाई निषेधाज्ञाबाट उन्मुक्ति दिनुपर्छ । उसको लागि त एउटै विकल्प छ–मर्नु । कि कोरोना सङ्क्रमित भएर मर्नु कि भोकले मर्नु । कोरोना सङ्क्रमित भएर मर्नु एक किसिमले पुरुषार्थ हो भने भोकले मर्नु लाछी काम हो । होइन भने प्रशस्त राहत वितरण हुनुपर्‍यो कि मानिस घरमा बसीबसी खान पाइरहोस् । अनि लागोस् निषेधाज्ञा जति लामो लाग्छ ।

# कोरोनाको ताण्डव नृत्य र हाम्रो सामाजिक व्यवहार

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**हरेकको सतर्कता समाजको सतर्कता र हरेकको लापरवाही समाजको लापरवाही हुन सक्ने भएकोले परिवार, समाज र देशप्रति उत्तरदायित्व ठानेर हरेकले आफू सतर्क बस्नुपरेको छ । हरेकको सतर्कता र सावधानीले फेरि हाम्रो समाजमा सुदिन आउन सक्छ भन्ने चाहना हुनुपर्छ ।**

आदिकालदेखि नै मानिसले नृत्य गर्न जानेको हो । जतिखेर मानिसले बोल्न जानिसकेको थिएन, त्यतिखेर ऊसित इशारा थियो, चित्रकला थियो । चित्र बनाएर आफ्ना मनका अभिव्यक्ति साटासाट गर्दथ्यो भने इशाराले अभिव्यक्ति आदानप्रदान गर्दथ्यो । इशाराको व्यवस्थित रूपलाई नै नृत्य भन्न त सकिन्न तर इशारालाई व्यवस्थित गर्दा अभिनय अवश्य बन्दछ । कसले कुन काम गर्‍यो भन्ने कुरा बताउन यदि शब्द प्रयोग नगर्ने हो भने चित्र बनाउन नसक्नेले पनि यही कोशिश गर्दछ र यदि कोही अगाडि छ भने चित्र बनाएर ढिलो गरेर संवाद गर्नुभन्दा तत्काल हात, मुख, अनुहार, टाउको र समग्र शरीर आवश्यकतानुसार परिचालन गरेर आफ्नो कुरा भन्ने कोशिश गर्नुपर्ने हुन्छ ।

अभिनयको युग धेरै कालसम्म रहिरह्यो । यसकारण अभिनयको महत्त्व अझै पनि उत्तिकै छ । मानिसमा व्यवस्थित वाणीको विकास भइसक्दा पनि उसले अभिनय छोडेन र छोडेको छैन । अझ पनि जुन भाषा अत्यन्तै कम विकसित अवस्थामा छ र जुन समुदायमा शिक्षाको प्रवेश हुन सकेको छैन, त्यस समुदायमा वाचिकभन्दा आङ्गिक अभिनयको महत्त्व बढी देखिन्छ । हुन त वाचिक भनेको वाचन गरेर वा मुखले बोलेर गरिने अभिनय हो र आङ्गिक अभिनय भनेको शरीर र विभिन्न अङ्ग परिचालन गरेर गरिने अभिनय हो । नृत्यलाई पनि यसको नजीक राखेर तुलना गर्न सकिन्छ । आङ्गिक अभिनयलाई कुनै निश्चित पद्धतिमा व्यवस्थित गर्ने हो भने नृत्य हुन पुग्दछ । सामान्यतया आङ्गिक अभिनयबाट अहिलेको युगमा मनोरञ्जन र शिक्षा प्राप्त गर्न सकिन्छ तर नृत्यको उद्देश्य आरम्भदेखि मनोरञ्जनप्रधान नै रहिआएको छ । मनोरञ्जनको माध्यमले शिक्षा वा नैतिकता प्रदान गर्नु पनि प्रारम्भदेखि नै नृत्यको उद्देश्य रहेको छ, अझ यसमा संवादको मात्रा पनि रहेको हुन्छ । के भनिन्छ भने जहाँ दुई मानिसले एक अर्काको भाषा फिटिक्कै बुझ्दैनन् त्यहाँ इशारा, अभिनय आदिले सजिलै काम गर्दछ र अझ यदि दुवै पात्र व्यवस्थित नृत्य गर्ने वा बुझ्नेछन् भने अभ्यन्तरदेखिको भाव प्रस्फुटन हुने तथा शब्दले सामान्यतया नबुझिने भाव पनि बुझाउन सक्ने हुन्छ । दुवै पात्रबीच हार्दिक सम्बन्ध पनि स्थापित हुन पुग्दछ ।

आज किन नृत्य र मनोरञ्जनको प्रसङ्ग आइरहेको छ । आज नृत्य दिवस हो । हुन त अहिले नृत्यको समय होइन, नृत्यको विषयमा समय खर्च गर्नुपर्ने समय पनि होइन । मानव समुदाय नै समस्यामा रहेको छ । जब मानव समुदायमाथि नै खतराको अवस्था हुन्छ भने नृत्यको कुरा गर्दा मनोविज्ञान खल्बलिएको भन्ठान्न पनि बेर लाग्दैन । तर अहिले कस्तो संयोग परेको छ भने कोरोना महामारीले ताण्डव नृत्य गर्दैछ र हाम्रो समाज भने लापरवाह भएर नृत्यको चुम्बकीय आकर्षणले तानिएको छ । अझै पनि यस्ता मानिस देखिंदैछन् जो सोझै भनिरहेका छन् कि "कोरोना शहरी रोग हो र यसले गाउँलाई केही प्रभाव पार्दैन । गत वर्ष मेरो गाउँमा सातजनालाई कोरोना रोग लागेको अस्पतालले भनेको थियो तर तिनलाई केही पनि भएको थिएन र पछिसम्म पनि केही भएन । यसैगरी तिनको घरपरिवारलाई कहिल्यै केही भएन । यसबाट जति धेरै डरायो, उति धेरै डर लाग्छ । मैले पोहोर कोरोनाको समयमा एक दिन मास्क लगाइनँ र एक दिन पनि सेनेटाइजर प्रयोग गरिनँ । यो सब बेकारको कुरा हो ।" यस्तो ठाडो अभिव्यक्ति दिने त्यस्ता व्यक्ति हुन् जो शिक्षक छन् । ताज्जुब लाग्दछ, यस्तो कहालीलाग्दो परिवेशमा पनि यस्तो पूर्णतया असावधान र असतर्क मानिस पनि छ, जसले पूर्णतया गैरजिम्मेवार अभिव्यक्ति दिन्छ ।

साँच्चै अहिलेको समय अत्यन्त गम्भीर छ । अति नै पीडादायी समय छ । गत वर्ष कोरोना महामारीले जुन पीडा मानव समुदायलाई दिएको छ, त्यसको भरपाई अझै हुन सकेको छैन । कतिपय यस्तो क्षेत्र पनि प्रभावित भएको छ जसको भरपाई हुन कसरी सम्भव होला, जस्तो लाग्छ । यदि गत वर्ष चैत महीनाको दोस्रो हप्तामा नै लकडाउन घोषणा नभएको भए त्रिभुवन विश्वविद्यालयको स्नातक तहको तेस्रो वर्षको परीक्षा जेठतिर हुन्थ्यो र ती विद्यार्थीहरूले गत चैत वा अहिले वैशाखमा चौथो वर्षको परीक्षा दिन्थे । सामान्यतया यसरी नै हुँदै आएको थियो तर समयको मार कसरी परेको छ भने गत वर्षको जुन परीक्षा स्थगित भएको थियो त्यो अहिले केही हप्ता पहिले लिइएको छ र उनीहरू चौथो वर्षमा पढ्न पाएका छन् भर्खरदेखि । चौथो वर्षमा औपचारिक प्रवेश गरेपछि फेरि शिक्षा क्षेत्रमा लकडाउनकै अवस्था आएको छ । अहिलेसम्मकै अवस्थामा कम्तीमा एक वर्ष समय बढी लागिसकेको छ र अब जति छिटो हुँदा पनि चार वर्षे स्नातक तहको समयमावधि पाँच वर्षे हुन पुगेको छ र यदि यो कोरोना महामारीको समय अझ लम्बिने हो भने यो समय अझ बढ्न बेर छैन । स्नातक चौथो वर्षको मात्र समस्या होइन, त्रिविका सबै तहमा झन्डै यस्तै परिस्थिति देखिएको छ । यहाँ त्रिविलाई कुनै किसिमले आरोपित गर्न खोजिएको होइन । यसरी कोरोनाले समाजको विभिन्न क्षेत्रमा कसरी प्रभाव पारेको छ भन्ने दृष्टान्त प्रस्तुत गरिएको मात्र हो ।

गत वर्षभन्दा कोरोना महामारी शक्तिशाली भएर आएको भनिन्छ । गत वर्षको भन्दा कोरोनाको सङ्क्रमणको दर नै बढी छ रे ! अझ मानिसलाई पनि छिटो प्रभावित पारिरहेको छ रे ! मतलब पहिलेभन्दा बढी सतर्क रहनुपर्ने देखिएको छ । अहिलेसम्म विभिन्न जिल्लामा निषेधाज्ञा जारी भइसकेको छ र सरकारी संयन्त्रले सतर्कतापूर्वक विभिन्न सावधानीका उपाय अँगाल्न सर्वसाधारणलाई आग्रह गरिरहेको छ । सम्पूर्ण शिक्षालय बन्द गरिएका छन् र जारी परीक्षाहरू पनि बीचमैं स्थगित गरिएका छन्, रोकिएका छन् । परिस्थितिको गम्भीरतालाई सरकारले निकै सतर्कताका साथ बुझेर कदम चालिरहेको छ तर समाज भने अझै लापरवाह बनिरहेको छ । यो लापरवाहीले कोरोना भाइरसको सङ्क्रमणको विस्तार नेपालमा पनि धेरै भएको छ । हरेक दिन कोरोना सङ्क्रमितको सङ्ख्या देशमा बढिरहेको छ । जुन जिल्लामा कोरोना सङ्क्रमण बढी भएर निषेधाज्ञा जारी भएको छ, त्यहाँका अस्पतालमा भीडभाड बढेको बताइएको छ ।

कोरोनाको ताण्डवलाई टुलुटुलु हेरेर बस्नुपर्ने होइन यो समय । अझै पनि विनाकाम घरबाहिर निस्कनेहरू छन् । बाहिर निस्कँदा नाकमुख नछोप्ने वा मास्क प्रयोग नगर्ने, सवारी साधनमा कोचाकोच गर्ने, बजारमा भीडभाड गर्ने, हाटहरू अझै पूर्णतया लापरवाह नै छन् । साना होटेलहरूको भीड कम भएकै छैन । बजारमा अझै पनि सावधानीभन्दा लापरवाहीको मात्रा बढी देखिएको छ र बजारमा कतै पुलिसलाई उभिएको देखेपछि खल्तीमा मास्क खोज्ने गरिएको दृश्य देखिन्छ । अझ जहाँ प्रहरीले अलिकति बढी कडाइ गरेको छ, त्यहाँ सामाजिक लापरवाही कम छ तर सामाजिक वा भौतिक दूरी कायम राखेको भने देखिएको छैन । यसकारण कतिपयले टिप्पणी गरेका छन् कि लापरवाह समाजले लकडाउन वा निषेधाज्ञा खोजेको हो । सामान्य अवस्था हुँदा सामान्य सावधानी पनि आत्मसात् नगर्ने अनि लकडाउन वा निषेधाज्ञा भयो भनेर निकै घाटा लाग्यो, भोकभोकै मर्ने भइयो, बैंकबाट लिएको ऋणको ब्याज तिर्न नसक्ने भइयो, बेपारमा घाटा लाग्यो, घरजग्गा लिलाम हुन थाल्योजस्ता अभिव्यक्तिहरू आउँछन् । कतिपय पसले यस्ता छन् जो मास्क लगाउँदै लगाउँदैनन् तथा पसलमा भौतिक दूरी कायम हुने कुनै उपाय गर्दैनन्, जहिले पनि पसलमा भीड बनाइराख्छन् तर निषेधाज्ञा र लकडाउनको डरले डराउँछन् । पसलेको तर्क हुन्छ म सुरक्षित छु तर उनीकहाँ आउने ग्राहकहरूले उनलाई देखेर सतर्कता बिर्सन्छन् भन्ने कुराको हेक्का राख्दैनन् । साथै ग्राहकहरूलाई सावधान गराउँदैनन् । उनीहरूको बुझाइ छ कि ग्राहकसित बढी सतर्कताको कुरा गर्दा अर्कै पसलमा जान थाल्छन् ।

साँच्चै समय निकै गम्भीर छ । अहिले कोरोनाको ताण्डव नृत्यलाई प्रोत्साहन हुने सामाजिक व्यवहारलाई हामी सबैले रोक्नैपर्छ । सामाजिक व्यवहार सामान्य अवस्थाजस्तो नगरेर विशेष समयको माग ठानी व्यवहार गर्नु आवश्यक छ । कोरोनाबाट डराएर, आत्तिएर होइन, सावधान भएर बस्नुपर्ने आवश्यकता छ । यसको ताण्डवलाई प्रोत्साहन दिने व्यवहारमा परिवर्तन गरेनौं भने भोलिको दिनमा डराउनुपर्ने पनि हुन सक्छ । हामीले कोरोनाको पहिलो लहर पार गरेपछि जसरी अति सामान्य भएर जीवन व्यतीत गर्न थालेका थियौं, त्यसरी नै यो दोस्रो लहर पार गरेपछि पनि सामान्य जीवन व्यतीत गरौंला तर अहिलेको समयमा हरेकले आफूलाई नै सतर्क राख्नुपरेको छ, सतर्क हुनुपरेको छ । हरेकको सतर्कता समाजको सतर्कता र हरेकको लापरवाही समाजको लापरवाही हुन सक्ने भएकोले परिवार, समाज र देशप्रति उत्तरदायित्व ठानेर हरेकले आफू सतर्क बस्नुपरेको छ । हरेकको सतर्कता र सावधानीले फेरि हाम्रो समाजमा सुदिन आउन सक्छ भन्ने चाहना हुनुपर्छ ।

# १७० शय्याको कोरोना अस्पताल सञ्चालन

प्रस, वीरगंज, १५ वैशाख/

पर्सामा कोरोना सङ्क्रमित बढेसँगै स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले वीरगंजमा रहेको नेशनल मेडिकल कलेज कोरोना अस्पताल सञ्चालन गर्न स्वीकृति दिएको छ ।

मन्त्रालयले स्वीकृति दिएसँगै बुधवार कोरोना अस्पतालको उद्घाटन प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरे, प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले संयुक्तरूपमा गरेका थिए ।

कार्यक्रममा अस्पतालका प्रबन्ध निर्देशक बसरुद्दीन अन्सारी, नेपाल पत्रकार महासङ्घ, प्रदेश २ का महासचिव श्याम बन्जारालगायतको सहभागिता थियो ।

यो अस्पताल १७० शय्याको हो । योसँगै नारायणी अस्पतालको ९० र नारायणी वयोधा अस्पतालको १५ सहित पर्सा जिल्लामा २७५ शय्याको कोरोना अस्पताल सञ्चालनमा आएका छन् ।



नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल वीरगंजले सञ्चालनमा ल्याएको कोभिड अस्पताल । तस्वीर : प्रतीक

यसैबीच, नारायणी अस्पतालका प्रवक्ता डा सरोजरोशन दासले चैत १५ गतेदेखि हालसम्म १०३ जना नारायणी अस्पतालमा भर्ना भएको, ४१ जना निको भएको, १९ जनाको मृत्यु भएको र ४३ जना सक्रिय सङ्क्रमित उपचारको लागि अस्पतालमा भर्ना छन् । उनले अस्पतालमा हाल ४७ वटा शय्या खाली रहेको जानकारी गराए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## बङ्गलादेशमा रूसको कोरोना खोप प्रयोगको अनुमति

ढाका, १५ वैशाख/सिन्हवा

बङ्गलादेशमा रूसले निर्माण गरेको कोरोनाविरुद्धको खोप प्रयोगको अनुमति दिइएको छ। बङ्गलादेश सरकारले सो खोपको आपत्कालीन प्रयोगका लागि अनुमति दिएको बताइएको हो। बङ्गलादेशको औषधि प्रशासनका प्रमुख मेजर जनरल महबुर रहमानले सो कुराको जानकारी दिएका हुन्।



तस्वीरः एजेन्सी

उनले बुधवार भनेका छन्, बङ्गलादेशले रूसले निर्माण गरेको स्पुतनिक-भी नामको कोरोनाविरुद्धको खोप प्रयोगका लागि अनुमति दिएको छ। रहमानले भने- हामीले रूसले उत्पादन गरेको स्पुतनिक-भी खोपको प्रयोगका लागि अनुमनि दिएका छौं। यसअघि बङ्गलादेशमा अस्ट्राजेनिका खोप पनि प्रयोग गरिएको छ।

अस्ट्राजेनिका खोप भारतबाट आउन ढिला भएको थियो। सो खोपको अर्को डोज आउन निकै ढिला भएकोले हालका लागि रूसको खोपलाई अनुमति दिइएको बताइएको छ।

### भारतमा मृत्यु हुनेको सङ्ख्या दुई लाख नाघ्यो

नयाँ दिल्ली/सिन्हवा

भारतमा कोरोना सङ्क्रमणको कारण मृत्यु हुने व्यक्तिको सङ्ख्या दुई लाख नाघेको छ। गएको २४ घण्टायता तीन हजार २२९ जनाको कोरोना सङ्क्रमणको कारण ज्यान गएपछि यस प्रकोपबाट मृत्यु हुनेको सङ्ख्या दुई लाख एक हजार १८७ पुगेको यहाँको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ। एकै दिनमा कोरोनाबाट ठूलो सङ्ख्यामा मृत्यु भएको यस वर्ष शुरू भएयताकै यो सबैभन्दा धेरै भएको समाचारमा जनाइएको छ। मङ्गलवार एकै दिनमा तीन लाख ६० हजार ९६० जना थप व्यक्तिमा कोरोना सङ्क्रमण देखिएपछि भारतमा अहिलेसम्ममा एक करोड ७९ लाख ९७ हजारभन्दा बढी व्यक्ति सङ्क्रमित हुन पुगेको बताइएको छ।

एकै दिन तीन लाखभन्दा बढी कोरोना भाइरस सङ्क्रमित भेटिएको यो सातौं दिन भएको बताइएको छ। कोरोना महामारी शुरू भएयता विश्वमा भएका सङ्क्रमणको तुलनामा यो ठूलो सङ्ख्या भएको सरकारी तथ्याङ्कले जानकारी दिएको छ।

भारतमा हाल २९ लाख ७८ हजारभन्दा बढी सक्रिय सङ्क्रमित रहेका छन्। भारतमा हालसम्म एक करोड ४८ लाख १७ हजारभन्दा बढी कोरोनामुक्त भएका छन्। भारतमा गत जनवरी १६ देखि कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू भएको थियो। सो समयबाट अहिलेसम्म भारतमा १४ करोड ५५ लाखभन्दा बढी व्यक्तिले खोप लगाएका छन्।

कोरोना भाइरसको महामारी फैलिने क्रम एकातिर चलिरहेको छ भने अर्कोतर्फ कोरोना भाइरसविरुद्धको खोप चलाउने क्रम पनि चलि नै रहेको छ।

भारतमा अहिले कोभिसिल्ड, कोभ्याक्सिन र स्पुतनिक-भी गरी तीन प्रकारका खोपको प्रयोग भइरहेको सरकारी निकायले जनाएका छन्। रूसले विकास गरेको स्पुतनिक-भी भने गत अप्रिल १२ देखि मात्रै लगाउन थालिएको अधिकारीले जानकारी दिएका छन्। भारतको राष्ट्रिय राजधानी दिल्ली सबैभन्दा धेरै कोरोना प्रभावित राज्यका रूपमा रहेको छ।

### ब्रजीलमा कोभिडबाट तीन लाख ९५ हजारजनाको मृत्यु

साओ पाओलो/सिन्हवा

ब्रजीलमा गएको २४ घण्टायता कोभिड-१९ को सङ्क्रमणबाट यहाँका तीन हजारभन्दा बढी नागरिकको मृत्यु भएपछि कोरोनाबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या तीन लाख ९५ हजार नाघेको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ। ब्रजीलको स्वास्थ्य मन्त्रालयले दिएको जानकारी अनुसार मङ्गलवार मात्र कोभिड-१९ को सङ्क्रमणमा परेका यहाँका तीन हजार ८६ जनाको एकै दिनमा ज्यान गएको हो।

योसँगै ब्रजीलमा कोभिडको प्रकोपबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या तीन लाख ९५ हजारभन्दा बढी पुगेको पनि सो मन्त्रालयले दिएको समाचारमा जनाइएको छ। त्यसैगरी, सोही अवधिमा थप ७२ हजारभन्दा बढीमा कोरोना भाइरस सङ्क्रमण देखिएको पनि मन्त्रालयले जनाएको छ।

कोरोना भाइरसको सङ्क्रमण शुरू भएबाट ब्रजीलमा हालसम्म एक करोड ४४ लाख ४१ हजारजनाभन्दा बढीमा सो सङ्क्रमण भएको बताइएको छ।

स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो समय ब्रजीलमा कोरोना भाइरसको नयाँ प्रजातिको भाइरसका साथै नयाँ-नयाँ लहर आइरहेका छन्। अस्पतालले बिरामीको चाप थेग्न नसकेपछि उपचारमा समस्या भएको जनाएका छन्।

यस देशमा कोरोना भाइरसबाट सबैभन्दा बढी प्रभावित राज्यका रूपमा साओ पाओलो रहेको छ। साओ पाओलोमा मात्र ९२ हजारभन्दा बढी नागरिकको ज्यान गएको छ। रासस

## मिथिला चित्रकला सङ्ग्रहालयको शिलान्यास

जनकपुरधाम, १५ वैशाख/रासस

प्रकृति संरक्षण गर्ने उद्देश्यले मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत जनकपुरधामको कनपट्टि गाउँमा मिथिला चित्रकला सङ्ग्रहालयको शिलान्यास गरिएको छ।

प्रदेशसभा सदस्य रामाशिष यादव, अभियान प्रमुख भगवान झा, वडाध्यक्ष परमेश्वर यादव, जनता समाजवादी धनुषा जिल्ला अध्यक्ष पशुपति यादव, जनकपुर उद्योग वाणिज्य सङ्घका अम्बुप्रसाद साहले संयुक्तरूपमा सो योजनाको शिलान्यास गरेका हुन्।

सो योजना अन्तर्गत रु पाँच करोडको लागतमा मिथिला कला ग्यालरी, ऐतिहासिक पोखरी सुब्बाजीको सौन्दर्य बढाउने, वृक्षरोपण र बाल उद्यान निर्माण गरिनेछ।

प्रदेशसभा सदस्य यादवले १५ महीनाभित्र योजनाको कार्य सम्पन्न गर्ने लक्ष्य राखिएको जानकारी दिए।

## जलेर बालकको मृत्यु

जलेश्वर, १५ वैशाख/रासस

महोत्तरीको पिपरा गाउँपालिका-५ मा जलेर बुधवार बिहान एक बालकको मृत्यु भएको छ।

मृत्यु हुनेमा पिपरा गाउँपालिका-५ बस्ने श्रवण यादवको सात महीने छोरा आकाशकुमार यादव रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक प्रकाश विष्टले बताए।

गएराति ९ बजेको समयमा श्रवणको घरमैं रहेको भुइँमा लगाइएको ओछ्यानमा बालक आकाश सुतिरहेको अवस्थामा ओछ्याननजीकै बालेर राखिएको दियो।

बालकले हातगोडा चलाउँदा लडेर ओछ्यानमा आगो सल्किन गई बालकको शरीरको दाहिने भाग जलेर गम्भीर घाइते भएका थिए।

घाइते बालकलाई उपचारका लागि गएराति नै प्रादेशिक अस्पताल जनकपुर लगिएकोमा आज बिहान उनको उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

## टिपरको ठक्करबाट मृत्यु

सप्तरी, १५ वैशाख/रासस

टिपरको ठक्करबाट घाइते सप्तरी सप्तकोशी नगरपालिका-९ निवासी देवनारायण खङ्गको बुधवार बिहान मृत्यु भएको छ।

नोबेल अस्पताल विराटनगरमा उपचाररत ५६ वर्षीय खङ्गको मृत्यु भएको परिवारका सदस्यले जानकारी दिएका छन्।

मृतकका साला पञ्चदेव खङ्गका अनुसार खङ्गको उपचारका क्रममा आज बिहान मृत्यु भएको हो। मृतक सप्तरीको साबिक कमलपुर गाविस-२ का पूर्वसदस्य हुन्।

सप्तरीको कञ्चनरूप नगरपालिकास्थित पडेमारा धारनजीक यही वैशाख ५ गते ना.५ख ७५१७ नंको टिपरले साइकलमा सवार खङ्गलाई ठक्कर दिएको थियो। घाइते खङ्गको नोबेल अस्पतालमा उपचार भइरहेको थियो।

## बुर्किना फासोमा तीनजना युरोपेली पत्रकारको हत्या

औगाडोगो, १५ वैशाख/एएफपी

अफ्रिकी मुलुक बुर्किना फासोमा आतङ्कवादीहरूले तीनजना युरोपेली पत्रकारको हत्या गरेको अधिकारीहरूले बताएका छन्।

हत्या गरिएकाहरूमा दुईजना स्पेनिश र एकजना आइरिश पत्रकार रहेका छन्। बुर्किना फासोका संरक्षित जीवजन्तुको चोरी शिकारी नियन्त्रणको गस्तीमा सहभागी रहेका बखत उनीहरूमाथि आक्रमण भएको थियो।

बुर्किना फासोका सञ्चारमन्त्री एवं सरकारका प्रवक्ता ओसेनी टाम्बुराले एक विज्ञप्ति प्रकाशन गरी तीनजना पत्रकारको हत्या भएको र एकजना बुर्किना फासोका नागरिक बेपत्ता भएको बताएका छन्।

फाडा एन्गुर्मा-पामा क्षेत्रमा भएको उक्त आक्रमणमा अरू छजना घाइते भएका छन्। बुर्किना फासोका एकजना वरिष्ठ सुरक्षा अधिकारीले आतङ्कवादी समूहले पत्रकारहरूको हत्या गरेको पुष्टि गरे। ती पत्रकारहरू रिपोर्टर्स विदाउट बोर्डर्ससँग आबद्ध थिए।

यद्यपि ती अधिकारीले आक्रमणकारी कुन समूहसँग आबद्ध थिए भन्ने केही बताएका छैनन्। सुरक्षा स्रोतका अनुसार आक्रमणकारीले दुईवटा पिकअप सवारीसाधन र एक दर्जनजति मोटरसाइकल प्रयोग गरेका थिए।

स्पेनी प्रधानमन्त्री पेड्रो सान्चेजले आफ्नो मुलुकका दुईजना पत्रकारको हत्या भएको पुष्टि गरे। उनले ट्वीट गर्दै हत्या गरिएका स्पेनिश पत्रकारहरूमा डेभिड बेरियान र रोबर्टो फ्राइल रहेको जानकारी दिए।

विश्वकै गरीब राष्ट्र बुर्किना फासोमा इस्लामिक अतिवादी समूहले सरकारी फौजमाथि आक्रमण गर्ने गरेको छ। उनीहरू सन् २०१५ मा छिमेकी मुलुक मालीबाट बुर्किना फासोमा प्रवेश गरेका थिए।

अल-कायदा र इस्लामिक स्टेटसँग आबद्ध जिहादी समूहहरूले बुर्किना फासोमा आक्रमणका घटना बढाउँदै लगेका छन्। करीब एघार सय व्यक्ति मारिएका छन् भने १० लाखभन्दा बढी मानिस घर छाडेर अन्यत्र पलायन भएका छन्।

रिपोर्टर्स विदाउट बोर्डर्सका महासचिव क्रिस्टोफ डिलोएर आक्रमणको घटनाप्रति रोष प्रकट गरेका छन्।

उनले शाहेल क्षेत्रमा पत्रकार निकै असुरक्षित रहेको पछिल्लो घटनाले पुष्टि गरेको छ भनेका छन्। रासस

## भारतको आसाममा शक्तिशाली भूकम्प

नयाँ दिल्ली, १५ वैशाख/एएफपी

उत्तरपूर्वी भारतको आसाम राज्यमा बुधवार बिहान शक्तिशाली भूकम्प गएको छ। भूकम्पबाट केही भवनमा क्षति पुगेको भएपनि सर्वसाधारणको मृत्युका बारेमा कुनै समाचार प्राप्त नभएको अधिकारीहरूले बताएका छन्।

अमेरिकी भूगर्भ सर्भेका अनुसार आसाम र भुटानको सीमावर्ती पहाडी भागलाई केन्द्रबिन्दु बनाएर ६.० म्याग्नीच्यूडको भूकम्प गएको छ। तर भूकम्पको धक्का र परकम्प सयौं किलोमिटर टाढासम्म अनुभव गरिएको थियो।

भूकम्पको केन्द्रबाट करीब ४५ किलोमिटर टाढाको करीब एक लाख जनसङ्ख्या रहेको तेजपुरमा निकै नराम्रोसँग हल्लाएको थियो। मानिसहरू त्रासका कारण सडकमा भेला भएका थिए भने केही घरमा क्षति पुगेको छ।

आसामको राजधानी गुवाहाटी भूकम्पको केन्द्रबाट झन्डै १५० किलोमिटर टाढा भएपनि यहाँका घरहरूमा क्षति पुगेको छ। स्थानीयवासीले कम्तीमा दुईवटा ठूलै परकम्प महसूस गरिएको बताएका छन्। अमेरिकी भूगर्भ सर्भेले भूकम्पको केन्द्रबिन्दु जमीनको सतहबाट २९ किलोमिटर मुनि रहेको जनाएको छ। यहाँको हिमाली क्षेत्रमा भूकम्प बारम्बार आउने गरेको छ। सन् १९५० मा आएको भूकम्पमा परेर आसाम र तिब्बतमा गरी झन्डै चार हजार ८०० व्यक्तिको ज्यान गएको थियो। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – वादविवाद | वृष – यात्रालाभ |
| मिथुन – कडाश्रम | कर्कट – ज्ञानोदय |
| सिंह – उदरपीडा | कन्या – विजय |
| तुला – धनलाभ | वृश्चिक – भाग्योदय |
| धनु – बेचैनी | मकर – मनोरञ्जन |
| कुम्भ – कर्मप्राप्ति | मीन – प्रगति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# फरक समाचार

## कस्तो परिस्थितिमा अस्पताल जाने ?

कोरोना सङ्क्रमण तीव्र गतिले फैलिएपछि अस्पतालमा पनि बोझ बढेको छ। विशेषज्ञ भन्छन्- कोरोना भएपछि सोझै अस्पताल दौडिनुको साटो सङ्क्रमितले



पहिले आफ्नो स्थिति हेर्नुपर्छ। किनभने करीब ९५ प्रतिशत कोरोना रोगी घरमैं निको भइरहेका छन्।

अस्पतालमा शय्या, आइसियू, आक्सिजनको कमी भइरहेको बेलामा साधारण कोरोनाको स्थितिमा रोगीलाई अस्पतालमा भर्ना गर्नुहुँदैन, यसो गर्दा गम्भीर प्रकृतिका रोगीले अस्पतालमा आवश्यक सुविधा पाउँछन्। यद्यपि कोरोना सङ्क्रमित भएपछि चिकित्सकसँग सम्पर्क गर्नुपर्छ किनभने रोगीमाथि यसले अलग-अलग प्रकारले असर गर्छ। चिकित्सकको सल्लाहलाई गम्भीरतापूर्वक मान्नुपर्छ।

**यदि हलुका लक्षण छ भने घरमैं यसरी आइसोलेशनमा बस्न सकिन्छः**

कडा ज्वरो छैन, हलुका लक्षण छ। शारीरिक दूरी राखौं, घरमा मास्क लगाएर बसौं, हातलाई पटक-पटक सफा गरौं। सेप्टोमेटिक मैनेजमेन्टमाथि ध्यान दिऔं। आवश्यक औषधि जस्तैः ज्वरोको, मल्टिभिटामिन लिऔं, हाइड्रेट रहौं। आफ्नो फिजिसियनसँग सम्पर्क राखौं। शरीरको तापमान र आक्सिजन समय-समयमा जाँच गरौं। यदि ५ दिनभन्दा बढी समयसम्म सास लिन समस्या भइरहेको छ, कडा ज्वरो छ, सिभियर कफ छ भने तत्काल चिकित्सकलाई देखाउनुपर्छ।

**आक्सिजन ९३ भन्दा तल छ भने अस्पताल जरुरीः**

जब प्रतिमिनेट सास लिने गति २४ र आक्सिजनको स्तर ९०-९३ हुन्छ भने आक्सिजन सपोर्ट दिने, छाती चेक गराउने, नन रिब्रिदिङ फेस मास्कको प्रयोग, समय-समयमा आक्सिजन थेरापी, आवश्यकता अनुसार फोक्सोको एचआरसिटी र अन्य परीक्षण। अस्पतालमा भर्ना भएका रोगीको अवस्था गम्भीर छ भने रेमडेसिविर दिन सकिन्छ। घरमा आइसोलेट वा अस्पतालमा विनाआक्सिजन शय्यामा भर्ती भएका रोगीलाई रेमडेसिभिवर दिनुहुँदैन।

**आक्सिजन ९० भन्दा तल भएपछि आइसियूः**

सास लिने दर प्रतिमिनेट ३० भन्दा बढी हुनु, आक्सिजनको स्तर ९० भन्दा कम, ६० वर्षभन्दा बढी उमेरका व्यक्ति, तनाव, कार्डियोभास्कुलर रोग, मधुमेह, फोक्सो, मिर्गौला, कलेजोको रोगी, सेरेब्रोभास्कुलर रोग वा मोटोपनबाट ग्रसित गम्भीर सङ्क्रमितको लागि आइसियूको आवश्यकता पर्छ। भेन्टिलेटरको प्रयोग प्रोटोकल अनुसार गर्नुपर्छ। रोगी गम्भीर स्थितिमा छ भने यसको प्रयोग गर्नुपर्छ।

**यी चारवटा कुरामाथि ध्यान राखौंः**

कोभिड रोगीको आक्सिजन स्तरमा निगरानी गरिरहनुपर्छ। ९३ भन्दा कम भएपछि अस्पताल लैजानुपर्छ। सबै रोगीलाई रेमडेसिविर, प्लाज्मा, इवरमेक्टिन, ब्लड थिनर्सजस्तो वस्तुको आवश्यकता पर्दैन। गम्भीर प्रकृतिका रोगीलाई शय्या, आक्सिजन सिलिन्डर र आइसियूको आवश्यकता पर्छ। खोप लगाउन जोड दिनुपर्छ, जसले गर्दा अस्पतालमाथि बोझ कम हुन्छ।

## सङ्कटकालमा नकारात्मकता हावी

पुनः देशमा लकडाउन लागेपछि चारैतिर निराशा फैलिएको छ। कसैको जागीर छैन, कोही बिरामी छ, कसैले आफन्त गुमाएका छन्। जीवनमा तीव्र गतिले परिवर्तन ल्याउने यी गम्भीर निराशाको सामना गर्न हामी सबै तयार हुनुपर्छ।

भनिन्छ, चिन्ता वा तनावमा समस्याको हल निस्किँदैन तर कैयौंपटक चिन्ताबाट पनि फाइदा पनि हुन्छ। चिन्ता गरेर हामी कुनै पनि नराम्रो खबरको सामना गर्न आफूलाई पहिलेदेखि तयार गर्न सक्छौं। तर यदि तपाईं नतीजाको लागि पहिलेदेखि नै हरसम्भव कोशिश गर्नुभएको छ भने चिन्ता र सुर्ता लिंदा पनि कुनै फाइदा हुँदैन।



निराशाको सामना गर्नको लागि जुन वस्तुको आवश्यकता पर्छ, त्यसलाई जम्मा गर्न शुरू गर्नुपर्छ। सम्भावितरूपमा यो मान्नुस्, जुन सबैभन्दा नराम्रो हुन सक्छ, त्यही तपाईंसँग भयो। त्यसपछि आफूलाई हरेक परिस्थितिसँग लड्न तयार गर्नुपर्छ। नकारात्मक नतीजाको जुन प्रभाव तपाईंमाथि पर्न सक्छ, त्यसलाई पहिलेदेखि नै बुझ्नुस् र त्यसै अनुसार व्यवहार गर्नुपर्छ।

भविष्यमा आउने कुनै पनि प्रकारको दुःखद समाचारको लागि आफूले पनि तयारी गर्नुपर्छ तर यी सबै सकारात्मकताका साथ गर्नुपर्छ। वर्तमानमा यसको कुनै प्रभाव पर्नुहुँदैन। समझदारी, सामाजिक सहयोग र सकारात्मक रवैया निकै आवश्यक हुन्छ। चिन्ता गर्नु स्वाभाविक हो तर यससँगै आशाको पछ्यौरी छाड्नुहुँदैन।

विपरीत परिस्थितिमा आफूलाई व्यस्त राख्न सकिन्छ। सबैभन्दा राम्रो तरीका ध्यान बाँड्नु हो। समय बिताउन यस्ता चलचित्र हेर्न सकिन्छ, जुन अलग छ, रोचक र कमेडी छ। गहिरो र लामो सास फेर्नुस्, आफ्नो सासप्रति ध्यान दिनुस्। एक्लै बसेर ध्यान गर्न पनि सकिन्छ। पैदल हिंड्ने वा दौड्न पनि सकिन्छ। यस्तो काम गरौं, जसले दिमाग र शरीरलाई ऊर्जा दिन्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)



फोटोमा देखिएको यो भीडभाडको दृश्य वीरगंजस्थित ठाकुर राम बहुमुखी क्याम्पसको हो। स्नातक तहको सबै सङ्कायका लागि आवेदन फाराम माग गरिएकामा वैशाख १४ गते मङ्गलवारदेखि आवेदन फाराम भर्नेहरूको भीड लागेको छ। क्याम्पसले सङ्क्रमण बढ्ने भन्दै निषेधाज्ञापछि पनि आवेदन फाराम भर्न सकिने सूचना जारी गरेको छ तर सूचनालाई बेवास्ता गर्दै भीड बढ्या बढ्यै छ। वैशाख १६ गतेदेखि निषेधाज्ञा जारी हुनेछ। यो सूचनाबाट पनि फाराम भर्नको लागि भीड बढेको हो। क्याम्पस प्रमुख डा उमेश चौरसियाले लिखित सूचना गरेको र मौखिक जानकारी पनि गराइएको भएपनि भीड कम नभएको बताए। उनले थप काउन्टर सञ्चालनमा ल्याएको र कोरोनाको सङ्क्रमणबाट जोगिन सुझाव दिए पनि वास्ता नगरिएको बताएका छन्। तस्वीरः नितेश कर्ण

# खेलकूदको संसार

## परवानीपुर गोल्डकपको उपाधि सर्लाहीलाई

प्रस, परवानीपुर, १५ वैशाख/

बाराको परवानीपुरमा आयोजित त्रिशक्ति सिमेन्ट प्रथम परवानीपुर गोल्डकप फूटबल प्रतियोगिताको उपाधि वाग्मती युवा क्लब सर्लाहीले जितेको छ।

बुधवार भएको फाइनल खेलमा वीरगंज युथ एकेडेमीलाई १–० गोलअन्तरले हराउँदै सर्लाहीले उपाधि जितेको हो।




तस्वीरः प्रतीक

सर्लाहीका लागि सागर शाहीले दोस्रो मध्यान्तरको १० मिनेट खेल बाँकी छँदै गरेको एक गोल नै निर्णायक साबित भएको थियो। उपाधिसँगै वाग्मती युवा क्लब सर्लाहीले नगद १ लाख पुरस्कार हात पार्‍यो भने उपविजेता वीरगंज युथ एकेडेमीले नगद ५० हजार पायो।

शक्ति युवा क्लब परवानीपुर र परवानीपुर युथ क्लबले संयुक्तरूपमा आयोजना गरेको प्रतियोगितामा ८ वटा टीमले भाग लिएका थिए।

विजेता तथा उपविजेतालाई परवानीपुर गाउँपालिका अध्यक्ष हरिनारायण साह र वीरगंज महानगर–२१ का अध्यक्ष हबिब मियाँले पुरस्कार वितरण गरेको प्रतियोगिता आयोजक समितिका अध्यक्ष सुबोधकुमार श्रीवास्तवले जानकारी गराए।

प्रतियोगिताको फाइनल खेलका म्यान अफ दि म्याच वाग्मतीको सागर शाही, प्रतियोगिताका उत्कृष्ट खेलाडी वाग्मती युवा क्लबकै उज्ज्वल भण्डारी, बेस्ट स्ट्राइकर वाग्मतीका सिमल घिसिङ, बेस्ट मिडफिल्डर वाग्मतीका कृष्ण लामा, बेस्ट डिफेन्डर वीरगंज युथ एकेडेमीका अजय चौधरी, बेस्ट गोलकीपर वाग्मतीका अरुण बोलन घोषित भए। म्यान अफ दि म्याचले ५ हजार, म्यान अफ दि सिरिजले १० हजार र बाँकी व्यक्तिगत विधातर्फ जनही ३/३ हजार नगदसहित पुरस्कार दिइएको थियो।

## १२० अभियुक्तका मुद्दा फिर्ता

काठमाडौं, १५ वैशाख/रासस

सरकारले तराई–मधेस आन्दोलनसँग सम्बन्धित १५ मुद्दाका १२० जना अभियुक्तका मुद्दा फिर्ता लिएको छ। जनता समाजवादी पार्टीसँगको वार्ताका क्रममा सरकारले सो निर्णय गरेको हो।

मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्दै सरकारका प्रवक्ता पार्वत गुरुङले मधेस र नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीसँग सम्बन्धित मुद्दा फिर्ता लिने क्रम जारी रहेको आज सूचना तथा सञ्चार प्रविधि मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए।



सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङ मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा मन्त्रिपरिषद्ले गरेको निर्णय सार्वजनिक गर्दै। तस्वीरः रासस

## बाँध मरम्मत नहुँदा डुबान समस्या यथावत्

वीरगंज, १५ वैशाख/रासस

रौतहटको वाग्मती र लालबकैया नदीमा रहेको बाँध मर्मत नहुँदा रौतहटवासीमा डुबान समस्याको त्रास यथावत् रहेको छ।

उक्त दुवै नदी नियन्त्रण गर्न भारत सरकारले बनाएका बाँधहरू ठाउँठाउँमा भत्किएकाले समयमा सो नदीको बाँधको मर्मत हुन नसक्दा वर्षायाममा नदीको पानी बस्तीमा पसेर क्षति पुर्‍याउने डरले रौतहटवासीमा त्रास कायमै छ।

वाग्मती–लालबकैया नदी नियन्त्रण कार्यालय परवानीपुरका अनुसार सो बाँधको समयमा मर्मत नहुँदा डुबान र क्षति हुने भन्दै करीब डेढ महीनाअगाडि सो कार्यालयले अर्थ मन्त्रालयसँग बजेट माग गरेको बताउँदै सो कार्यालयका प्रमुख अकलाख अहमद सिद्धिकीले भने, "वाग्मती नदीको बायाँतर्फ चार र दायाँतर्फ १० गरी १४ स्थानमा बाँध भत्किएको छ।"

यसैगरी, पश्चिमी लालबकैया नदीको बायाँतर्फ सात र दायाँतर्फ आठ गरी १५ स्थानमा भत्किएकाले तत्काल मर्मत गर्नुपर्ने देखिन्छ। समयमा सो बाँध मर्मत नहुँदा वर्षामा रौतहट डुबानमा पर्ने त्रास रहेको त्यहाँका बासिन्दाको भनाइ छ। सो बाँध समयमा मर्मत गर्न सकिएन भने बाढीको बेला ठूलो समस्या निम्त्याउने त्यहाँका बासिन्दाको भनाइ छ।

भारत सरकारले सन् १९८९ मा झन्डै साढे ३३ किलोमिटर बाँध बनाएको थियो। उक्त बाँधले बस्ती जोगाए पनि पछिल्लो समय सो बाँधको मर्मतसम्भार हुन सकेको छैन। पुरानो बाँध भएकाले कमजोर हुँदै ठाउँठाउँमा भत्किन थालेको छ। वाग्मतीदेखि पश्चिमको धरमपुरबाट सीमा क्षेत्रको १७ किलोमिटर बाँध समस्याग्रस्त रहेको छ। सो बाँध मर्मतसम्भार गर्न करीब रु ४१ करोड ३४ लाख खर्च लाग्ने अनुमान गरिएको छ।

समयमा उक्त बाँधहरू मर्मतसम्भार नभएको खण्डमा वर्षायाममा रौतहटको लक्ष्मीपुर, बलुवा, धरमपुर, गम्हरिया, संग्रामपुर, गढी सिगारमन, गङ्गापिपरा, माघोपुरलगायतका दर्जनौं गाउँ बाढीको जोखिममा पर्न सक्नेछन्। २०५० सालमा सो नदीमा बाढी आएपछि रौतहट डुबानमा परी धनजनको क्षति भएको थियो। सरकारले वर्षाअगावै भत्केका बाँधहरू मर्मतसम्भार गर्नुपर्ने माग सो क्षेत्रका बासिन्दाको रहेको छ।

## बेवारिसे अवस्थामा कार बरामद

प्रस, वीरगंज, १५ वैशाख/

जिल्ला प्रहरी कार्यालय, पर्साले बेवारिसे अवस्थामा बरामद गरेको कार भन्सार कार्यालय चलान गरेको छ।

वडा प्रहरी कार्यालय श्रीपुरले वीरगंज–१४ पिपरा सडकखण्डबाट नम्बर प्लेट नभएको सुजुकी कम्पनीको भारतीय कार बरामद गरेको जिप्रका पर्साले जनाएको छ।

सडकखण्डमा रोकिएको अवस्थामा नम्बर प्लेट नभएको सो कार नियन्त्रणमा लिएर कारबाईको लागि वीरगंज भन्सार पठाइएको जिप्रका, पर्साले जनाएको छ।



तस्वीर सौजन्यः जिप्रका, पर्सा

### परिवारजनमा...........

वैशाखमा तय भएका थिए। अहिले पुनः जिल्लामा निषेधाज्ञा जारी भएपछि अवधि बढ्ने चिन्ताले पनि वैवाहिक कार्यक्रम हुने घरहरूका परिवारजन चिन्तामा परेका छन्।

कतिपयले वीरगंजमा ठूलठूला पार्टी प्यालेस, होटलहरू बूकिङ गरिसकेका छन्। कतिजनाको वैवाहिक कार्यक्रम भारतीयहरूसँग जोडिएकाले थप समस्या झेल्नुपरेको छ। अहिलेसम्म वीरगंज भन्सार कार्यालयले मानवताको हिसाबले दुईवटा सवारीसाधनसम्म वैवाहिक कार्यक्रममा वीरगंज प्रवेश गर्न दिएको छ। निषेधाज्ञा जारी भएपछि यो अवस्था पनि रहँदैन।

अन्य खुला सीमामा पनि प्रहरीले कडाइ गर्ने हुनाले भारतमा वैवाहिक कार्यक्रम तय भएका परिवारजन झनै चिन्तित भएका छन्।

### निश्शुल्क ...........

सङ्क्रमितका लागि निश्शुल्क गरिएको बताए।

उनले होम आइसोलेशनमा रहेका सङ्क्रमितको घरमा स्वास्थ्यकर्मी पुग्ने र आवश्यक औषधि पनि निश्शुल्क उपलब्ध गराइने जानकारी दिए।

## १६५ शय्याको आइसोलेशन तयार हुने –प्रजिअ यादव

प्रस, रौतहट, १५ वैशाख/

जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले शुक्रवार ४० शय्याको आइसोलेशन र शनिवार १२५ शय्याको आइसोलेशन तयार हुने बताएका छन्।

बुधवार जिल्ला प्रशासन कार्यालय रौतहटद्वारा आयोजित कोरोना रोकथाम नियन्त्रण तथा उपचारका लागि अवलम्बन गरिएका नीति तथा स्थानीयस्तरमा गर्दै आएका कार्यसम्पादन सम्बन्धमा जानकारी एवं सल्लाह सुझाव कार्यक्रममा प्रजिअले उक्त कुरा बताए। उनले चन्द्रपुरमा ४०, धरहरीमा एक सय र गौर अस्पतालमा २५ शय्याको आइसोलेशन तयार हुने बताए।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक सिद्धिविक्रम शाहले मास्क नलगाउनेलाई रु १ सय जरिवाना गरी एउटा मास्क दिई लगाउन आग्रह गर्दै ६४१ जनालाई जरिवाना गरिएको बताए।

रुपैयाँ नभएका ७२१ जनालाई दुई घण्टा रोकी मास्क लगाउन आग्रह गर्दै गन्तव्यतिर पठाएको उनले बताए। सीमानाकामा हेल्प डेस्क स्थापना भएको बताउँदै उनले भारतबाट आउनेलाई चेकजाँच गरी पठाउने गरेको बताए।

सञ्चारकर्मीहरूले सोधेका प्रश्नमा मास्क लगाउन अनिवार्य रहेकाले बस, टेम्पु, मोटरसाइकल र पैदल यात्रीले मास्क नलगाए जरिवाना हुने उनले बताए। यातायात सवारीमा सिटभन्दा बढी यात्री बोक्नेलाई कारबाही हुने प्रउ शाहले बताए।

कार्यक्रममा जिल्ला अस्पतालका प्रमुख डा कृष्ण साहले जनशक्तिको अभाव रहेकोले आइसोलेशन, आइसियू सञ्चालन गर्न अप्ठ्यारो रहेको बताए। जनशक्ति तथा आवश्यक उपकरण खरीदका लागि प्रदेश सरकारलाई पत्र पठाएको उनले बताए। रौतहट जिल्लामा ९२ जना सङ्क्रमित रहेका छन् भने एकजनाको मृत्यु भएको उनले बताए।



बिहीवारदेखि पर्सामा निषेधाज्ञा लागू हुने भएपछि नेपालबाट भारत र भारतबाट नेपालतर्फ आउँदै दुई देशका नागरिकहरू। तस्वीरः राजेश केशरीवाल